"गुणस्तरीय शिक्षा आजको आवश्यकता"

# अमर माध्यमिक विद्यालय

काठेखोला गाउँपालिका–५ बिहुँकोट, बागलुङ

स्था : २०२२

## विद्यालयको ६० औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा प्रस्तुत

# वार्षिक प्रगति प्रतिवेदन २०८२


प्रतिवेदक

भिष्म कँडेल

प्रधानाध्यापक


मिति २०८२/१०/०९ गते शुक्रबार

मिति : २०८२ माघ ०९ गते शुक्रबार

**श्री गणेशाय नम :**

**विद्यालयको ६० औँ वार्षिकोत्सव तथा अभिभावक दिवस, २०८२**

## १. पृष्ठभूमि

अमर माध्यमिक विद्यालयको ६० औँ वार्षिकोत्सव एवम अभिभावक दिवस मूल समारोहका सभापति यस विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री ज्ञामनाथ कँडेलज्य, **प्रमुख अतिथि काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापाज्य, विशिष्ट अतिथि श्री परमानन्द संस्कृत वेद वेदाङ्ग विद्यालय रामकोटका प्रधानाध्यापक ब्रह्मचारी श्री हंस चैतन्यज्यू, विशिष्ट अतिथि कालिजंग गण घोडावाधेका गणपति श्री शिव वहादुर अधिकारीज्यू, संस्थापक सदस्यज्यूहरु,** जग्गादाता एवं चन्दादाताज्यूहरु, अक्षयकोषका संस्थापकज्यूहरु, विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख तथा प्रतिनिधिज्यूहरु, उपस्थित जनप्रतिनिधीज्यूहरु, छिमेकी विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधिज्यूहरु, भू.पू. तथा वर्तमान वि.व्य.स.,पि.टि.ए.का अध्यक्ष एवम पदाधिकारीज्यूहरु, भू.पू. प्र.अ. एवं शिक्षक मित्रहरु, भू.पू. विद्यार्थीहरु, मञ्चासिन शिक्षाप्रेमी एवं भद्र ब्यक्तित्वहरु, पत्रकारज्यूहरु, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण अभिभावकज्यूहरु, सहकर्मी शिक्षक तथा कर्मचारी साथीहरु तथा प्यारा विद्यार्थी भाइबहिनीहरु,

सर्वप्रथमत: आज वसन्त पञ्चमीको दिन, यस विद्यालय स्थापनाको ६० औँ वार्षिकोत्सव एवं अभिभावक दिवसको पावन अवसरमा विद्यालयको स्थापना र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने ज्ञात अज्ञात दिवङगत आत्माहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै यस गरिमामय समारोहमा उपस्थित सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरुलाई विद्यालयको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्दछु ।

यस विद्यालयको स्थापना, स्तरोन्नती, नमुना विद्यालय विकास तथा विद्यालयको चौतर्फि उन्नयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने विद्यालयका प्रणेता, यस क्षेत्रकै शैक्षिक मूर्धन्य व्यक्तित्व, पूर्व सांसद, गोविन्द प्रसाद शर्मा कडेल यसै वर्ष दिवंगत हुनुभएको छ । उहाँको आत्माको चिर शान्तिको कामना गर्दै विद्यालयमा उहाँले पुर्याउनुभएको यागदानाको उच्च प्रशंसा गर्न चाहान्छु ।
अव म आ.व. २०८१।०८२ को विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## २. विद्यालय विकासको संक्षिप्त इतिहास

बागलुङ जिल्ला सदरमुकाम देखि २० किमि पश्चिम, काठेखोला गाउँपालिका वडा नं ५, विहुँकोट, पोखरामा अवस्थित यस विद्यालयले आफनो स्थापनाका ६० वटा वसन्तहरु पार गरी ६१ औँ वर्ष तर्फ प्रवेश गर्न लागेको सुखद अवसरमा विद्यालय विकासक्रमको गौरवमय इतिहासलाई पुन:स्मरण गराउन पाउँदा म आफूलाई अत्यन्तै भाग्यमानी ठानेको छु ।

२०२२ सालको माघ महिनामा यस क्षेत्रका सामाजिक व्यक्तित्व तथा पूर्व सांसद स्व. गोविन्द प्रसाद शर्मा कँडेलको नेतृत्वमा शिक्षा प्रेमी आम जनसमुदायको अथक मेहनत र साधनाबाट श्री अमर मिडिल स्कुल सेतिचौरको नामवाट स्थापना भएको यस विद्यालय अनेकौ समस्या र चुनौतीहरुको सामना गर्दै ६० औँ वार्षिकोत्सव मनाउने अवस्था सम्म आइपुगेको छ । स्थापनाकालदेखि नै शैक्षिक, भौतिक, व्यवस्थापकीय र आर्थिक अनेकौ समस्या एवं चुनौतिहरुको सामना गर्दै समाजको चाहना र आवश्यकता अनुसार आफुँलाई निरन्तर सुधार र स्तरोन्नती गर्ने सन्दर्भमा मिति २०२६।०८।२७ मा निम्न माध्यमिक तह अर्न्तगत कक्षा ४-७ र मिति २०३६।१०।०४ मा प्राथमिक तह कक्षा १-३ को पठनपाठन संचालनका लागि अनुमति प्राप्त गर्न सफल भएको थियो । स्तरोन्नतीक दौरानमा मिति २०३७।१२।१९ मा कक्षा ८, २०३९।१२।२४ मा कक्षा ९ र २०४०।०४।१७ मा कक्षा १० संचालनका लागि अनुमति प्राप्त गरे पश्चात विद्यालय कक्षा १ देखि १० सम्म पठनपाठन हुने माध्यमिक विद्यालयको रुपमा विकास भएको थियो । विद्यालय २०४० सालमा पहिलो पटक एस.एल.सी. परीक्षामा विद्यार्थीहरुलाइ सहभागी गराउन सफल भएको थियो ।

२०४९ साल देखि देशैभरी तत्कालिन उच्च माध्यमिक तहको पठनपाठन सञ्चालन गर्ने लहर चलेसंगै यस क्षेत्रका विद्यार्थी एवं अभिभावकहरुको माग र चाहना अनुरुप मिति २०५४।०३।१८ मा कक्षा ११ र १२ सञ्चालनको लागि अनुमति प्राप्त गरी कक्षा सञ्चालन गन अनुमति लिएको थियो । शिक्षा ऐन २०२८ को सातौं संसोधन (२०७४) ले बाल विकास केन्द्रलाई विद्यालय संरचनाभित्र समायोजन गरेपश्चात विद्यालयको मातहतमा रहेको उज्ज्वल बाल विकास केन्द्र पनि विद्यालयमा समाहित भई हाल विद्यालय बाल विकास देखि कक्षा १२ सम्म सञ्चालनमा रहेको छ ।

२०७३ सालमा नेपाल सरकारले अघि सारेको नमुना विद्यालय विकास कार्यक्रम अर्न्तगत वागलुङ जिल्ला क्षेत्र नं १ बाट सर्वोत्कृष्ट अंक प्राप्त गर्दै नमुना विद्यालय विकासका लागि सूचिकृत भएको यस विद्यालयले प्रथम पञ्च वर्षिय नमुना विद्यालय विकास, विद्यालय सूधार गुरूयोजना (२०७५।०७६–२०७९।०८०) निर्माण गरी थुप्रै शैक्षिक, भौतिक र व्यवस्थपकीय कार्यक्रमहरु सम्पन्न गरिसकेको छ । भने आव २०८०।०८१ देखि २०८५।०८६ सम्मका लागी दोस्रो पञ्चवर्षिय नमुना विद्यालय विकास, विद्यालय सुधार गुरुयोजना निर्माण गरि कार्यान्वयनको चरणमा रहेको छ । हाल यसै योजना अन्तरर्गत तेस्रो वर्षका कार्यक्रमहरु संचालनमा रहेका व्यहोरा जानकारी गराउन चाहान्छु ।

वि.सं २०२२ सालमा यस विद्यालय स्थापना गर्दा देखि नमुना विद्यालय विकासको यस चरणसम्म आइपुग्दा प्रत्यक्ष एवं परोक्ष सहयोग गर्नुहुने यस क्षेत्रका शिक्षाप्रेमी अभिभावकज्यूहरु, सामाजिक व्यक्तित्वहरु, वि.व्य.स, शि.अ.स, सा.ले.प समितिका पदाधिकारीज्यूहरु, भु.पु विद्यार्थीहरु शिक्षक तथा कर्मचारीज्यूहरु र विद्यार्थी भाइवहिनीहरु एवं सुभचिन्तक सवैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सभापति महोदय !

विद्यालय राष्ट्र निर्माणका कर्णधार उत्पादन गर्ने पवित्र सामाजिक सस्था हो । देशको भविश्य यिनै विद्यार्थीहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तर माथि निर्भर रहन्छ । गुणस्तरीय जनशक्ति उत्पादन गर्न हाम्रा विद्यालयहरुलाई गुणस्तरीय रूपमा विकास गर्नु आवश्यक छ । वर्तमान युग सुचना प्रविधि, कृत्रिम वौद्धिकता तथा ज्ञानमा आधारोत अर्थतन्त्रको तिव्र विकास संगै शिक्षा क्षेत्र गुणात्मक रुपान्तरणको चरणमा प्रवेश गरिरहेको युग हो । यस परिवेशमा विद्यालयहरु केवल ज्ञान हस्तान्तरण गर्ने केन्द्रमात्र नभई प्रविधि मैत्री, नवप्रर्वतनशील र सामाजिक रुपान्तरणका आधार स्तम्भका रुपमा स्थापित हुनुपर्ने आवश्यकता वढदै गइरहेको छ । शिक्षाको गुणस्तर अभिवृद्धि, प्रविधिको प्रभावकारी उपयोग, विद्यार्थीको सिर्जनशील क्षमताको विकास तथा समग्र शैक्षिक वातावरण सुद्धढिकरणका लागि विद्यालय, शिक्षक, अभिभावक, समुदाय र सरोकारवाला निकायबीच सहकार्य माध्यमबाट आधुनिक प्रविधिसंग सामाञ्जस्य स्थापित गर्दै सक्षम, सचेत विश्व बजारमा प्रतिस्प्रर्धा गर्न सक्ने राष्ट्र र राष्ट्रियताप्रति समर्पित मानव संसाधन उत्पादन गर्नु आजको प्रमुख दायित्व हो ।

## ३. वर्तमान अवस्था

सभापति महोदय !

आफनो संघर्षशिल जीवनका ५९ औं वर्षहरु पारगरी आज ६० औँ वार्षिकोत्सव मनाउने अवस्थासम्म आइपुग्दा विद्यालयले शैक्षिक, भौतिक र व्यवस्थापकिय सुधारका क्षेत्रमा थुप्रै कार्यहरू सम्पन्न गरेको छ । विद्यालयले हाल सञ्चालन गरेका केहि प्रमुख असल अभ्यासहरु प्रस्तुत गर्न चाहन्छु ।

### क. शैक्षिक पक्ष :

१. शैक्षिक सत्र २०८१ मा भर्ना भएका ३६१ जना विद्यार्थी मध्ये ३२१ जना विद्यार्थीहरु वार्षिक परीक्षामा सहभागी भएका थिए । उक्त विद्यार्थीहरु मध्य ९३ प्रतिशत विद्यार्थी कक्षोन्नती भएका छन भने ६ प्रतिशत विद्यार्थील कक्षा दोहोर्याएका छन । विद्यालयको औषत सिकाइ उपलब्धी २.५८ जिपिए रहेको व्यहोरा जानकारी गराउन चाहन्छु । *विस्तृत विवरण अनुसूची २, ३, ४ र ५ मा उल्लेख गरिएको छ ।*

२. शैक्षिक सत्र २०८२ मा बाल विकास कक्षा देखि १२ सम्म १५७ जना छात्रा र १८५ जना छात्र गरी कुल ३४२ जना विद्यार्थीहरुले यस विद्यालयमा अध्ययन गरिरहेका छन । त्यस मध्ये १४२ जना दलित विद्यार्थीहरु रहेका छन भने ४१ जना जनजाती विद्यार्थीहरु रहेका छन ।

३. शैक्षिक सत्र २०८२ मा यस विद्यालयमा ७३ जना नयाँ विद्यार्थी भर्ना भएको व्यहोरा जानकारी गराउन चाहन्छु । यस वर्ष कक्षा ८ को गाउँपालिका स्तरोय परीक्षामा २७ जना, माध्यमिक शिक्षा परीक्षा (SEE) मा ५४ जना र कक्षा १२ को वोर्ड परीक्षामा ५१ जना विद्यार्थीहरु सहभागी हुँदै छन । *विस्तृत विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ ।*

४. विद्यार्थीको सर्व पक्षिय विकासको लागि ४ सदनमा विभाजन गरी सदनात्मक र तहगत रुपमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

५. विद्यार्थिहरुको बहु-आयामिक विकासका लागि शैक्षिक क्यालेण्डर अनुसार तहगत रुपमा शुक्रवासरीय विविध अतिरिक्त क्रियाकलापहरु संचालन हुदै आइरहेका छन । यस्ता कार्यक्रमकहरु प्रति विद्यार्थीहरुको आर्कषणलाई वढाउन नतिजाका आधारमा पुरस्कृत गर्ने परिपाटीको व्यवस्था गरिएको छ । यस वर्ष जम्मा ३४ वटा अन्तर सदनात्मक अतिरिक्त क्रियाकलापहरु सम्पन्न भएका छन

६. विद्यालयबाट लिइने विभिन्न आवधिक परिक्षाहरु पश्चात अभिभावक भेलाको आयोजना गरि नतिजाको प्रकाशन र विश्लेण गर्ने गरिएको छ । साथै अभिभावकबाट आएका राय, सल्लाह र सुझावहरुलाई समेटी आवधिक शिक्षण सुधार योजना निर्माण गर्ने गरिएको छ । यस वर्ष जम्मा ४ वटा अभिभावक भेला सम्पन्न भएका छन

७. तहगत रुपमा शिक्षण सिकाइ कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी वनाउन तथा सिकाई उपलब्धी वृद्धि गर्नका लागि बाल विकास, कक्षा १ देखि १२ लाई ४ तहमा विभाजन गरो तहगत संयोजक तथा सह संयोजकको जिम्मेवारी प्रदान गरिएको छ ।

८. शिक्षण सिकाइलाई समयानुकुल एवं सूचना प्रविधि मैत्री रुपमा सञ्चालन गर्ने अभिप्राय अर्न्तगत वाल विकास देखि कक्षा ८ सम्म स्मार्ट टिभि र कक्षा ९-१२ मा मल्टिमिडिया (प्रोजेक्टर)को स्थायी व्यवस्थापन गरी सूचना प्रविधिलाई सिकाइको अभिन्न अंगको रुपमा अंगिकार गरिएको छ ।

९. विद्यालयमा अध्ययनरत वाल विकास कक्षा देखि कक्षा ५ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई मेनुमा आधारित पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिएको छ ।

१०. आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीहरुको सिकाइ सहजिकरणका लागि विद्यालयमा स्थापित अक्षयकोष र शैक्षिक कल्याण कोष मार्फत विद्यार्थीहरुलाई पुरस्कृत गर्ने गरिएको छ ।

११. शैक्षिक सत्रको शुरुमा सप्ताहव्यापी संयुक्त शिक्षक स्टाफ वैठकको आयोजना गरि अघिल्लो शैक्षिक सत्रको समिक्षा तथा नयाँ शैक्षिक सत्र भर गरिने कार्यत्रमहरुको योजना निर्माण गर्ने, शिक्षण सिकाइ सामग्री निर्माण कार्यशाला संचालन गर्ने जस्ता कार्यहरुलाई निरन्तरता दिइएको छ ।

१२. "शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङकन कार्यविधि २०७८" निर्माणगरी कार्यान्वयनमा ल्याइएको छ । विद्यार्थीको सिकाइ नतिजाको आधारमा शिक्षक मल्याङ्कन गरी शिक्षकहरुलाई पेशाप्रति थप जवाफदेहि र उत्तरदायी बनाउने परिपाटीको ब्यवस्था गरिएको छ । साथै विद्यार्थीको सिकाई सुधारको लागि शिक्षक र प्र.अ. बीच कार्यसम्पादन करार सम्झौता गर्ने पद्धतीलाई निरन्तरता दिइएको छ ।

१३. शिक्षकले कक्षामा विताउने समय व्यवस्थापन कार्यविधि २०७४ अनुसार शिक्षकहरुलाई शिक्षण प्रति पूर्णकालिन, जिम्मेवार र उत्तरदायी वनाउन कक्षाकोठामा विताउने समयको अभिलेख राख्ने र मासिक रुपमा शिक्षक स्टाफ वैठकमा समिक्षा गर्ने परिपाटीको विकास गरिएको छ ।

## ख. भौतिक पक्ष:

१. आर्थिक वर्ष २०८१।०८२ सम्म विद्यालयमा भुकम्प प्रतिरोधी पक्की भवन ३ वटा र अन्य भवन ५ वटा गरी कूल ८ वटा ,उक्त भवनमा ५५ वटा कक्षाकोठा, १ सभाहल, १ संग्राहलय, १ पार्किङ स्थल, ८ पक्कि शौचालय ५ वटा अस्थायी शौचालय रहेका छन ।

२. यस विद्यालयमा हाल ४० वटा सिसिक्यामेरा, २ वटा कम्प्युटर ल्याव, १/१ वटा विज्ञान प्रयोगशाला र पुस्तकालय रहेका छन

३. काठेखोला गाउँपालिकाको पालिका स्तरीय मन्टेश्वरी तालिम केन्द्र निर्माण गर्ने कार्यक्रम अर्न्तगत यसै विद्यालयको पुरानो भवनलाई सवलिकरण गरी निर्माण कार्य अघि वढाइएको छ ।

४. विद्यालयमा हुने विविध अतिरिक्त कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्नका लागी काठेखोला गाउँपालिकाको सहयोगमा व्यवस्थीत मञ्च निर्माण कार्य अन्तिम चरणमा पुगिरहेको व्यहोरा अनुरोध गर्न चाहान्छु, जुन मञ्चवाट आजको कार्यक्रम संचालन भैरहेको छ ।

## ग. व्यवस्थापकिय पक्ष :

१. विद्यालयको समग्र व्यवस्थापन गर्नका लागी प्रचलित शिक्षा ऐन तथा नियमावलीका आधारमा मिति २०८१ वैशाख २२ गते विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गरिएको छ । उक्त विद्यालय व्यस्थापन समितिको अध्यक्ष यस समारोहका सभापति श्री ज्ञामनाथ कँडेल र शिक्षक अभिभावक संघको अध्यक्ष तजमाया पुन घर्ति रहनुभएको छ ।

२. आर्थीक व्यवस्थापनलाई चुस्त, दुरुस्त र पारदर्शी वनाउनको लागी प्रचलित शिक्षा ऐन तथा नियावली अनुसार प्रत्येक वर्षको भदौ मसान्त भित्र सामाजिक लेखा परिक्षण र पौष मसान्तसम्म अन्तिम लेखा परोक्षणको कार्य सम्पन्न गरिएको छ ।

३. विद्यालयको आर्थिक पारदर्शितालाई चुस्त दुरुस्त वनाउन EMIS संग जोडिएको School Accounting Software को प्रयोगलाई निरन्तरता दिइएको छ ।

४. यस विद्यालयमा हाल कक्षा १ देखि कक्षा १२ सम्म २४ जना शिक्षक, १ लेखापाल, २ विद्यालय कर्मचारी र १ जना वाल विकास सहजकर्ता गरी कुल २८ जना शिक्षक तथा कर्मचारीहरु कार्यरत रहनुभएको छ । ***यसको विस्तृत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।***

५. पाक्षिक रुपमा शिक्षक तथा कर्मचारीका नियमित वैठकबसो विविध शैक्षिक विषयमा अन्तरक्रिया गर्ने कार्यक्रमलाई निरन्तरता दिदै आइएको छ । यस वर्ष २३ वटा शिक्षक स्टाफ वैठक वसी विद्यालयको सर्वाङगिण विषयमा छलफल गरिएको छ ।

६. विद्यालयका सूचनाहरुलाई व्यवस्थीत गर्न, विद्यार्थी, अभिभावक र समुदाय समक्ष पुऱ्याउने उदेश्यले सूचना अधिकारीको व्यवस्था, वेवसाइट, फेसवुक पेज, युटुभ च्यानल संचालनमा ल्याइएको छ ।

७. विद्यालयले शैक्षिक, भौतिक एवं व्यवस्थापकिय क्षेत्रमा गरेको प्रगतिको आधारमा आ.व. २०८१।०८२ को सामाजिक परीक्षण प्रतिवेदनवाट ९८ अंक प्राप्त गरेको छ ।

८. आर्थिक वर्ष २०८१।०८२ मा १७ पटक विद्यालय व्यवस्थापन समिति र ६ पटक शिक्षक अभिभावक संघको वैठकवसी विद्यालयको समग्र व्यवस्थापन तथा सिकाइ गुणस्तर सुधार सम्वन्ध विषयहरुमा छलफल भएकोछ ।

९. शिक्षण सिकाइलाइ थप व्यवस्थित र प्रभावकारी वनाउन ६ पटक तहगत समिति, ५ पटक विषयगत समितिको वैठक वसी विभिन्न शैक्षिक सवालमा महत्वपूर्ण छलफल गरिएको छ ।

१०. विद्यार्थीहरुलाई पुस्तकिय ज्ञानको अतिरिक्त सिर्जनात्मक कार्य, नेतृत्व विकास, व्यक्तित्व विकास जस्ता कुराहरुसंग जोडन ग्रिन क्लव/इको क्लव, वाल क्लव, यु.रे.स., जु.रे.स, विपद व्यवस्थापन, स्काउट आदि गठन गरि जिम्मेवारी प्रदान गरिएको छ ।

११. विद्यालयको स्थापना देखि हालसम्मका विभिन्न गतिविधिहरू समावेश गरी तयार गरिएको **विद्यालयको ऐतिहासिक विकास क्रममा आधारित वृत्तचित्र** यस विद्यालयको ६० औँ वार्षिकोत्सव तथा अभिभावक दिवसको पावन अवसरमा प्रिमियर शो गरी नेपाल टेलिभिजन र विद्यालयको युटुव च्यानल मार्फत प्रकाशित गरिएको कुरा सर्हष जानकारी गराउदै यहाँहरुबाट अवलोकन गरि रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

## घ. आर्थिक पक्ष :

विद्यालयलाई सफल र गतिशिल बनाउनका लागि सो संस्थाको आर्थिक अवस्था सुदृढ हुनु जरुरी छ । यस विद्यालयको आ.व २०८१।०८२ को सामाजिक परीक्षण मिति २०८२ श्रावण २९ गते र लेखा परीक्षण २०८२ पौष २५ गत सम्पन्न भएको छ ।

**उक्त प्रतिवेदन अनुसार विद्यालयको आर्थिक वर्ष २०८१।०८२ को वित्तिय प्रगति ९७.३५ प्रतिशत रहेको छ ।**

आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुसार यस विद्यालयको कुल आम्दानी दुइ करोड छ लाख त्रिहत्तर हजार एक सय सतचालिस रुपैया एकतीस पैसा (२,०६,७३,१४७.३१),अघिल्लो आ.व २०८०/०८१ को बचत दुई करोड उन्चालिस लाख छब्वीस हजार आठ सय उनन्तीस रुपैयाँ, तीहत्तर पैसा (२,३९,२६,८२९.७३) गरी यस आर्थिक वर्ष सम्मको कुल जम्मा आम्दानी चार करोड पैतालिस लाख उनान्सय हजार नौ सय सतहत्ततर रुपैया पैसा चार(४,४५,९९,९७७.०४) रहेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा शैक्षिक, भौतिक र व्यवस्थापकिय पक्षमा दुइ करोड सात लाख चालिस हजार चार सय चवाउन्न रुपैयाँ एक पैसा (२,०७,४०,४५४.०१) खर्च भएको छ । यस आर्थिक वर्ष सम्ममा दुइ करोड अडतीस लाख उन्साठी हजार पाँच सय तेइस रुपैयाँ, तीन पैसा (२,३८,५९,५२३.०३) वचत रहेको कुरा जानकारी गराउन चाहन्छु ।

वचत रकम मध्ये नेपाल वैंक लिमिटेड स्थित चल्ती खातामा उन्चालिस लाख एकान्व्वे हजार पाँच सय चौतिस रुपैयाँ त्रिसठ्ठी पैसा (३९,९१,५३४.६३), सि.वाइ.सि.को चल्ती खातामा अठठाइस हजार छ सय तेह्र रुपैयाँ वहत्तर पैसा (२८,६१३.७२), नेपाल वैंकको मुद्धती खातामा एक करोड पचास लाख रूपैया (१,५०,००,०००.००), लगानीमा विस लाख आठ सय छयासी रुपैयाँ (२०,००,८८६.००) रहेको छ । त्यस्तै विद्यालयमा स्थापना भएका विभिन्न अक्षयकोषको रकम अठठाइस लाख उन्चालिस हजार छ सय पचास रुपैया सोह्र पैसा (२८,३९,६५०.१६) लगानीमा रहेको छ । आ.व. २०८०/८१ को कूल करोवारमा जम्मा एक हजार एक सय एकसठ्ठी रुपैयाँ अठचालिस पैसा न्युन रकम (११६१.४८) रहेको छ । आ.व. २०८०।८१ सम्ममा यस विद्यालयको कुनैपनि वेरुजु रहेको छैन । ***विस्तृत विवरण अनुसुची १ मा उल्लेख गरिएको र विवरण अध्ययन गरि सल्लाह सुझावको अपेक्षा गर्दछु ।***

## ४. विद्यालयले हाँसिल गरेका विशेष उपलब्धिहरु

आदरणिय समापति महोदय !

अव म यस विद्यालयको ५९ औँ वार्षिकोत्सव समारोह पश्चात हालसम्म विद्यालय बाहिर भएका कार्यक्रममा सहभागी भइ यस विद्यालयले हासिल गरेका महत्वपूर्ण उपलव्धीहरुको जानकारी गराउन चाहन्छुः

१. काठेखोला गाउँपालिकाद्धारा लिइएको शैक्षिक सत्र २०८१ को कक्षा ८ को उपलव्धी परीक्षामा यस विद्यालयका छात्र प्रसान्त कडेल गाउँपालिकामा प्रथम स्थान हासिल गर्न सफल भएका छन । साथै विद्यालयले पालिकामानै सवैभन्दा वढि विद्यार्थी सहभागा गराएर औसत उपलव्धीमा दोस्रो स्थान हासिल गर्न सफल भएको छ ।
२. राष्ट्रिय परीक्षा वोड परिक्षा नियन्त्रण कार्यालयद्धारा सचालित २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (SEE) मा यस विद्यालयकी छात्रा करुणा कडेलले ३.९३ जिपिए सहित सामुदायिक विद्यालय तर्फ जिल्लामा उत्कृष्ठ स्थान प्राप्तगर्न सफल भएकी छन उक्त परीक्षामा ९४.११ प्रतिशत विद्यार्थी उत्तिर्ण गराउदै विद्यालयले काठेखोला गाउँपालिकामा उत्कृष्ठ नतिजा प्राप्त गरेको छ ।

३. राष्ट्रिय परीक्षा वोर्डद्वारा संचालन गरिएको २०८१ सालको कक्षा १२ को वार्षिक परीक्षामा नियमित तर्फ ९३.३३ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण हुन सफल भएका छन । उक्त परीक्षामा यस विद्यालयका छात्र सन्दीप सुवेदी ३.६७ जिपिए सहित काठेखोलामा प्रथम स्थान हासिल गर्न सफल भएका छन ।
४. मिति २०८२ जेठ ४ र ५ गते जिल्ला खेलकुद समितिबाट आयोजित जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा यस विद्यालयका विद्यार्थीहरुले काठेखोला गाउँपालिकाको तर्फवाट सहभागी भइ २ स्वर्ण, ४ रजत र ५ कास्य पदक प्राप्त गर्न सफल भएका छन ।
५. मिति २०८२ पौष २० र २१ गते काठेखोला गाउँपालिकाद्वारा आयोजित सातौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा १७ स्वर्ण र ७ रजत पदक सहित विद्यालयल इतिहासमा दोस्रो पटक राष्ट्रपति रनिङशिल्ड प्राप्त गर्न सफल भएको छ ।
६. मिति २०८१ मंसिर २४ गते काठेखोला गाउँपालिकाद्वारा महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तरर्गत आयोजित अन्तर माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगितामा यस विद्यालयले प्रथम स्थान हासिल गर्न सफल भएको छ ।
७. मिति २०८१ पौष २५ गते निवृत्त शिक्षक समाज जिल्ला समिति वागलुङको आयोजनामा संचालित अन्तर माध्यमिक विद्यालय स्तरीय निवन्ध लेखन प्रतियोगितामा यस विद्यालयले प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

यस प्रकार विद्यालयबाट विभिन्न संघ सस्थाहरुले आयोजना गरेका कार्यक्रमहरुमा क्रियाशिलताका साथ सहभागी भइ उत्कृष्ट नतिजा सहित शैक्षिक तथा अतिरिक्त क्षेत्रमा विद्यालयको गरिमालाई थप उचाइमा पुर्याउनुहुने विद्यार्थी भाइवहिनिहरु, कार्यक्रममा सहभागी गराउन अनवरत खटनुहुने सम्पूर्ण शिक्षक कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

## ५. विद्यालयमा संचालित केहि प्रमुख रचनात्मक कार्यहरु

यस विद्यालयले यस वर्ष विभिन्न संघ सस्थाको सहयोगमा गरेका रचनात्मक कार्यहरुको वारेमा जानकारी गराउन चाहान्छु ।

१. सामाजिक विकास कार्यालय वागलुङ र काठेखोला गाउँपालिकाको सह आयोजनामा अभिभावक शिक्षा कार्यक्रम समापन गरिएको छ ।
२. जिल्ला वन कार्यालयको सहयोगमा विद्यालयको परिषर वरपर विभिन्न प्रजातिका वोट विरुवाहरु रोपी विद्यालयलाई हरित विद्यालयको रुपमा विकास गर्ने अभियान संचालन गरिएको छ ।
३. विद्यालयको खाली जमिनलाई प्रयोग गरि शिक्षक तथा विद्यार्थीहरुको सहभागितामा करेसावारी, फूलवारी निर्माण गरिएको छ ।
४. काठेखोला गाउँपालिकाद्वारा विद्यार्थीहरुलाई रेविज विरुद्धको सचेतना कार्यक्रम संचालन गरिएको छ ।
५. काठेखोला गाउँपालिकाद्वारा कक्षा ९-१२ का विद्यार्थीहरुलाई वित्तिय साक्षरता सम्वन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ ।
६. धुलिखेल अस्पतालको सहयोगमा कक्षा ९-१२ का विद्यार्थीहरुलाई पाठेघरको क्यान्सर सम्वन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ ।

विद्यालयमा यस्ता विभिन्न कार्यक्रमहरु संचालन, स्वास्थ परापर्श लगायतका कार्यहरु गरि सहयोग गर्नुहुने सबैमा विद्यालय परिवार आभार व्यक्त गर्दछ ।

## ५. पुरस्कार तथा सम्मान

अमर माध्यमिक विद्यालयको आन्तरिक विनियम २०७५ अनुसार विद्यालयमा उत्कृठ शिक्षक कर्मचारी र अभिभावकहरुलाई सम्मान गर्दै आइरहेको सन्दर्भमा यस विद्यालयको व्यवस्थापन समितिको निर्णय अनसार उत्कृष्ट

शिक्षकका रुपमा प्राथमिक तहका शिक्षक श्री गणेश पोखेल र उत्कृष्ठ अभिभावकको रुपमा काठेखोला ५ तल्लो काउले निवासी श्री  कल्पना परियार लाई सम्मान गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

विद्यालयमा अध्ययरत विद्यार्थीहरुको सिकाइ सहजिकरणका लागि यस विद्यालयमा अक्षयकोष तथा शैक्षिक कल्याण काष स्थापना गरिएको छ । हालसम्म विद्यालयमा जम्मा १६ वटा अक्षयकोष स्थापना भएका छन । साथै १ वटा शैक्षिक कल्याण कोष स्थापना भएको कुरा जानकारी गराउन चाहान्छु । यस अक्षयकोषको रकमबाट यस विद्यालयका माध्यमिक तह (कक्षा ११-१२) वाट १५ जना, माध्यमिक तह (कक्षा ९-१०) वाट २५ जना, आधारभूत तह (कक्षा ६-८) वाट.२० जना, गरि कुल ५० जना विद्यार्थी पुरस्कृत हुदै हुनुहुन्छ भने सावित्रि सापकोटा शक्षिक कल्याण कोषको रकम वाट ५ जना विद्यार्थी पुरस्कत गरिने व्यहोरा जानकारी गराउन चाहन्छु । यस समारोवाट पुरस्कृत हुने विद्यार्थीहरुलाई हार्दिक वधाइ एवं आगामी दिनहरुमा थप शैक्षिक सफलता र उज्जवल भविश्यको कामना गर्न चाहन्छु।

## ६. भावि कार्यक्रमहरू

सभापति महोदय ! अब म विद्यालयले तय गरेका आगामी प्रमुख भावि कार्यक्रमहरुको बारेमा जानकारी गराउन चाहन्छु ।

### क) शैक्षिक कार्यक्रमहरु :

१. शैक्षिक गुणस्तर वृद्धि तथा विद्यार्थी अनुशासन कायम राख्नका लागि सबभन्दा बढि विद्यालयमा उपस्थीत भइ आफनो वाल वालिकाको वारेमा जानकारी लिई आवश्यक पृष्ठपोषण प्रदान गर्ने अभिभावक मध्येबाट १ जना र विद्यालयको उत्कृष्ट शिक्षक तथा कर्मचारीहरु मध्येवाट १ जनालाई वार्षिकोत्सव समारोहमा पुरस्कृत गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

२. शिक्षक, विद्यार्थी र अभिभावक बिच हुने शैक्षिक अन्तरक्रिया, घरदैलो तथा अभिभावक भेटघाट,गोष्ठि जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामग्री निर्माण, संकलन तथा खरिद गरीनेछ ।

४. सबै कक्षाकोठाहरुमा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको लागि आवश्यक पर्ने पूर्वाधारको पूर्ण व्यवस्थापन गरी गुणस्तरीय सिकाइको सुनिश्चतता गरिने छ ।

### ख) भौतिक कार्यक्रमहरु:

१. विद्यालय घेराबारको लागि सहयोग स्रोतको खोजी गरी निमार्ण कार्य गरिने छ ।

२. नयाँ भवनमा आवश्यक पुर्वाधारको व्यवस्थापन गरि विज्ञान प्रयोगशाला तथा पुस्तकालयलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

### ग) ब्यवस्थापकिय कार्यक्रमहरु :

१. विद्यालयको आर्थिक पारदर्शितालाई चुस्त दुरुस्त वनाउन इमिस संग जोडिएको सास सफटवेयरको थप प्रभावकारी रुपमा प्रयोग गरिने छ ।

२. शिक्षकहरुलाई आफनो पेशाप्रति उत्तरदायी र कर्तव्य परायण बनाउन कार्य सम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको प्रयोग गरिने छ । कार्यसम्पादन नतिजामा उत्कृष्ट हुने शिक्षकहरुलाई पुरस्कृत गर्दै जाने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ६. धन्यवाद ज्ञापन

म यस विद्यालयका ६० औं वार्षिकोत्सव तथा अभिभावक दिवस २०८२ को अवसरमा आफनो व्यस्तताको बाबजुद हामीलाई आफनो अमूल्य समय प्रदान गर्नुहुने प्रमुख अतिथिज्यू, संस्थापकज्यूहरु, विशिष्ट अतिथिज्युहरु, अन्य अतिथिज्यूहरु, अभिभावकज्यूहरु, विशिष्ट चन्दादाताज्युहरु, जग्गादाता, अक्षयकोषका संस्थापकज्युहरु, जन

प्रतिनिधीज्युहरु, समाजसेवी, शिक्षाप्रेमी, वि.व्य.स., पि.टि.ए. सुरक्षाकर्मी, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

वि.सं २०२२ सालमा तत्कालिन कठिन परिस्थतिमा विद्यालय स्थापना गर्नेहुने श्रद्धय संस्थापक अध्यक्ष स्व. गोविन्द प्रसाद शर्मा कडेल, स्व.प्रजापति कँडेल, स्व.कमलापति कँडेल, स्व.हरिलाल वि.क. श्री टेकनारायण श्रेष्ठज्यू, स्व.मणिराज श्रेष्ठ, स्व.विष्णु प्रसाद कँडेल, स्व.चण्डीप्रसाद कँडेल, स्व.खगराज कँडेल, श्री जयलाल कँडेलज्यू, श्री हर्कमान वि.क.ज्यू, स्व.जगवहादुर घर्ति, स्व.पुर्ण वहादुर काउचा, श्री शशिधर कँडेलज्यू, स्व.वालकृष्ण कँडेल, स्व.नन्दराम कँडेल, स्व.वलिभद्र कँडेल, स्व.गौरिश्वर कँडेल, स्व.देविप्रसाद कँडेल, श्री गौरिश्वर कँडेलज्यू, स्व.सु जयभद्र कँडेल, श्री हर्क वहादुर पुनज्यू, स्व.पशुपति कँडेल संस्थापक सहयोगीहरु श्री भानुभक्त सुवेदीज्यू, स्व.कृपासुर पुन, स्व.टेक वहादुर पुन, स्व.डन्डपानी न्यौपाने, स्व. दुर्गादत्त कँडेल प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

जुन ठाँउमा आज करिव ३५० विद्यार्थीहरु रमाइरहेका छन, यस्तो पवित्र भूमि दान गर्नुहुने स्व.रतन कँडेल र स्व. नन्दलाल कँडेलको आत्माको चिर शान्तिको कामना गर्दै भावपर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

विद्यालय स्थापनादेखि हालसम्म आइपुग्दा विभिन्न चरणमा विद्यालयको चौतर्फि उन्नयनमा उच्च कोटीको योगदान गर्नुहुने संस्थापक, विद्याल व्यवस्थापन समितिका अध्यक्ष एवं पदाधिकारिहरु, शिक्षक अभिभावक संघका पदाधिकारहिरु, प्रधानाध्यापक, सामाजिक परीक्षण समिति, निर्माण समिति, विभिन्न ओहोदामा रही विद्यालयको सर्वाङगीण विकासमा योगदान पुऱ्याउनुहुने सम्पुर्ण शिक्षाप्रेमी अभिभावकज्युहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

तत्कालिन कठिन परिस्थितिमा धनधान्याञ्चल मार्फत आर्थिक सहयोग जुटाई विद्यालयलाई संजिवनी प्रदान गर्नुहुने **वहमलिन श्री १००८ राष्ट्रसन्त स्वामी परमानन्द सरस्वती जी महाराज,** लगायत सम्पूर्ण सहयोगदाताहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

यस विद्यालयमा अध्ययनरत गरिब तथा पढाइप्रति रुचि भएका ५ जना विद्यार्थीहरुका लागि ५००० का दरले १० वर्षका लागि यस विद्यालयको पूर्व विद्यार्थी सावित्रि सापकोटा घर्तिमगरज्यूवाट वार्षिक रु २५,००० को **सावित्रि सापकोटा शैक्षिक कल्याणकोष** स्थापना गर्नुभएको छ । विद्याथीको सिकाइ सहजिकरणका लागि शैक्षिक कल्याणकोष स्थापना गर्ने व्यक्तित्वहरुलाई विद्यालयको तर्फबाट हार्दिक धन्यवाद दिदै उज्ज्वल भविश्यको कामना गर्दछु ।

विद्यालयको सर्वोपरी हितलाई ध्यानमा राखी विद्यालयको विकासका लागि आफनो आम्दानीको अंश चुडी अक्षयकोष स्थापना गर्नुहुने सम्पुर्ण अक्षयकोष दाताहरु लगायत यहाँहरुको सकल परिवारप्रति हार्दिक धन्यवाद ज्ञापनगर्न चाहन्छु।

यस विद्यालयका पूर्व विद्यार्थी एवं शिक्षकहरु जो स्वदेश वा विदेशमा रहेर विद्यालयको शैक्षिक, भौतिक, आर्थिक उन्नयनको लागि महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ तपाईहरू प्रति अमर माध्यमिक विद्यालय हार्दिक सम्मान व्यक्त गर्न चाहन्छ । साथै विद्यालयले आगामी दिनहरुमा पनि विभिन्न क्षेत्रबाट यस्तै साथ, सहयोग र सदभावको अपेक्षा राख्दछ ।

२०७४ सालमा यस विद्यालय नमना विद्यालय विकासको लागि छनौट हुने सन्दर्भमा थुप्रै व्यक्तित्वज्यूहरुबाट सहयोग प्राप्त भएको थियो । यस क्रममा सहयोग गर्नुहुने सम्पुर्ण शिक्षाप्रेमी व्यक्तित्वज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै योजना निर्माण तथा अध्यावधिक गर्न अरोरात्र खटिनुहुने शिक्षक तथा कर्मचारीज्यूहरुप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस विद्यालयको परिसरमा धर्मपत्नी स्वर्गिय शान्ति देविको पुण्य स्मृतिमा सरस्वती मन्दिर निर्माण गर्नुहुने विद्यालयका संस्थापक स्व. प्रजापति शर्मा लगायत सकल परिवारलाई धन्यवाद दिँदै स्व.शान्ति देविको आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

काठेखोला गाउँपालिका ५ ठुलढुङगामा रहेको श्री वाल विकास आधारभूत विद्यालय यस विद्यालयमा समायोजन तथा एकिकरण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विद्यालयका संस्थापकज्यूहरु लगायत तत्कालिन विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक तथा कर्मचारीज्यूहरु लगायतका सम्पूर्ण शिक्षाप्रेमी अभिभावकज्युहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस वर्ष विद्यालयको सांस्कृतिक विभागका लागी रु एक लाख पचास हजार (१,५०,०००)को आर्थिक सहयोगमा काठेखोला ५, कर्लिम निवासी यस विद्यालयका पूर्व विद्यार्थी श्री सुमन कडेलज्यू (हाल जापान)बाट नौमति बाजा खरिद एवं व्यवस्थापनका लागी प्राप्त भएको सहयोग र विद्यालयको परिसरमा रु चार लाख (४,००,०००) को लागतमा पानीको फोहोरा निर्माण गर्नका लागी काठेखोला ५ दहपानी निवासी यस विद्यालयका पूव विद्यार्थी श्री अर्जुन कडेलज्यूको परिवारबाट भएको सहयोग प्रति विद्यालय परिवार उच्च सम्मानका साथ हार्दिक आभार व्यक्त गर्दछ ।

प्रत्येक वर्ष यस मूल समारोहमा उपस्थित हुने सम्पूर्ण हाम्रा अतिथिज्यूहरु, अभिभावकज्यूहरु, विद्यार्थी तथा शिक्षकहरुलाई खाजा सहयोग गर्नुहुने काठेखोला गाउँपालिका वडा नं ५ का अध्यक्ष एवं यस कार्यक्रमका सभापति श्री ज्ञामनाथ कँडेलज्युप्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा, विद्यालयका प्रमुख गतिविधिहरुलाई चुस्त र दुरुस्त रुपमा प्रतिबेदनमा समेटने यथासक्य प्रयत्न गरेको छु । समावेश गर्नुपर्ने कुनै विषयवस्तु छुट हनगएमा वा त्रुटिपूर्ण देखिएमा रचनात्मक सुझावको अपेक्षा गर्दछु । विद्यालयलाई यस अवस्थासम्म ल्याइ पुऱ्याउन यहाँहरुले प्रदान गर्नुभएको साथ, सहयोग र सुझाव प्रति उच्च सम्मान गर्दै आगामी दिनमा पनि त्यसको निरन्तरताको अभिलाषा राख्दछु । विद्यालयको यस ६० औं वार्षिकोत्सव समारोहलाई विभिन्न कार्यक्रमका साथ व्यवस्थित गराउन आ–आफनो जिम्माका कार्यहरुलाई सम्पन्न गर्नुहुने सम्पुर्ण शिक्षक एवं कर्मचारी साथिहरु, अभिभावक, विद्यार्थी भाइवहिनीहरु र यस समारोहमा पाल्नुहुने सवै समाजसेवि, शिक्षाप्रेमी, वुद्धिजिवि, सुरक्षाकर्मी, पत्रकार महानुभावज्युहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद!!!

## अनुसूची १

## आर्थिक वर्ष २०८१।०८२ को आय व्यय विवरण

खर्च विवरण | आम्दानी विवरण

| सि.नं | विवरण | रकम | सि.नं | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | शिक्षक कर्मचारी तलवभत्ता वितरण | रु १५,६०१,०३४.६० | १ | शिक्षक कर्मचारी तलवभत्ता निकासा | रु १३,७२९,९४३.०० |
| २ | शिक्षक कर्मचारी पोशाक भत्ता | रु २६५,०००.०० | २ | पोशाक भत्ता निकासा | रु २५०,०००.०० |
| ३ | फर्निचर व्यवस्थापन | रु ३८२,१५९.०० | ३ | फर्निचर योजना निकासा | रु ३८२,१५९.०० |
| ४ | मन्टेश्वरी योजना | रु १,४४७,९३४.०० | ४ | मन्टेश्वरी योजना निकासा | रु ९५८,४९४.०० |
| ५ | विद्यालय व्यवस्थापन खर्च | रु २९,६६०.०० | ५ | विद्यालय व्यवस्थापन खर्च निकासा | रु ३०,०००.०० |
| ६ | इन्टरनेट | रु १९,७३५.०० | ६ | इन्टरनेट | रु २०,०००.०० |
| ७ | पाठयपुस्तक वितरण | रु २४८,९००.०० | ७ | पाठयपुस्तक निकासा | रु २३४,९७१.०० |
| ८ | विद्यार्थी छात्रवृत्ति वितरण | रु ११,६००.०० | ८ | दलित र छात्रा छात्रावृत्ति निकासा | रु ५,६००.०० |
| ९ | दिवाखाजा व्यवस्थापन | रु २२०,४४०.०० | ९ | दिवाखाजा व्यवस्थापन निकासा | रु १९५,१९५.०० |
| १० | कक्षा १२ परीक्षा संचालन तथा व्य | रु ६६,४४७.५० | १० | कक्षा १२ परीक्षा संचालन | रु ६६,४४७.५० |
| ११ | विद्यालय मर्मत योजना | रु ७५५,१६४.०६ | ११ | विद्यालय मर्मत योजना | रु ४७०,४८६.६१ |
| १२ | सामाजिक परीक्षण लेप खर्च | रु १३२,७००.०० | १२ | सामाजिक परीक्षण अनुदान | रु १५,०००.०० |
| १३ | राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन | रु ४०,८३०.०० | १३ | राष्ट्रपति रनिङ शिल्ड अनुदान | रु १४,७७५.०० |
| १४ | योजना निर्माण | रु १९,७००.०० | १४ | योजना निर्माण अनुदान | रु २०,०००.०० |
| १५ | उपलव्धी परीक्षा व्यवस्थापन | रु २,१२५.०० | १५ | उपलव्धी परीक्षा अनुदान | रु २,१२५.०० |
| १६ | शैक्षिक कल्याण कोष वितरण | रु २५,०००.०० | १६ | शैक्षिक कल्याण कोष आम्दानी | रु २५,०००.०० |
| १७ | विद्युल महशुल भुक्तानी | रु ६३,०००.०० | १७ | उत्कृक्ष्ठ विद्यालय प्रोत्साहन अनुदान | रु २००,०००.०० |
| १८ | विद्यार्थी राजश्व दाखिला | रु १५३,९५९.०४ | १८ | नमुना विद्यालय योजना निकासा | रु ९८५,०००.०० |
| १९ | मुद्यती खाताको टयाकस भुत्तानी | रु ९३,८८२.८० | १९ | वुक कर्नर व्यवस्थापन निकासा | रु ६७,८५०.०० |
| २० | वार्षिकोत्सव समारोह व्यवस्थापन | रु ६७,००२.०० | २० | केजी कक्षा व्यवस्थापन निकासा | रु २२,२२२.०० |
| २१ | अक्षयकोष पुरस्कार वितरण | रु १५३,६२५.०० | २१ | वाल विकास कक्षा अनुदान | रु ४,०००.०० |
| २२ | मेडल तथा मायाको चिनो खरदि | रु १६७,५६३.०० | २२ | सुत्केरी शिक्षक व्यवस्थापन | रु ३०,०००.०० |
| २३ | ट्राक खरिद | रु १३१,००५.०० | २३ | विपन्न लक्षीत छात्रवृत्ति अनुदान | रु ३०,०००.०० |
| २४ | अतिरिक्र कार्यक्रम संचालन तथा व्य | रु ११८,३१०.०० | २० | अक्षयकोषको व्याज आम्दानी | रु २९०,०३८.३५ |
| २५ | शिक्षक विद्यार्थी क्षमता विकास | रु ४२,०००.०० | २१ | मुद्धति खातावाट प्राप्त व्याज | रु ६१५,८९७.९६ |
